सबै प्रशंसा योग्य अल्लाह नै हुनुहुन्छ, जसले (इब्लिस') को षड्यन्त्रलाई वस्वसा (कुविचारहरू) सम्म मात्र सीमित गरिदिए ।

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, उहाँले
भन्नुहुन्छ: एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा आयो र भन्यो: हे अल्लाहका रसूल! हाम्रो मनमा केही केही यस्ता गलत विचारहरू आउँछन्, जसलाई शब्दमा
व्यक्त गर्नु भन्दा खरानी बन्नु प्यारो छ । उहाँले भन्नुभयो: "अल्लाहु अक्बर, अल्लाह महान हुनुहुन्छ, सबै प्रशंसा योग्य अल्लाह नै हुनुहुन्छ, जसले (इब्लिस') को षड्यन्त्रलाई वस्वसा (कुविचारहरू) सम्म मात्र सीमित गरिदिए ।"
[सही] [अबू दाउद र निसाईले सुनन कुब्रा मा वर्णन गरेका छन्]

एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा आए र भने: हे अल्लाहका रसूल! हाम्रो मनमा केही यस्ता गलत विचारहरू आउँछन्, जसको दुष्टता ले गर्दा त्यसलाई शब्दमा व्यक्त गर्नु भन्दा खरानी बन्नु प्यारो छ । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) दुइपटक अल्लाहु अक्बर भन्नुभयो र अल्लाहको प्रशंसा गर्नुभयो, कि अल्लाहले शैतान (इब्लिस') को षड्यन्त्रलाई वस्वसा (कुविचारहरू) सम्म मात्र सीमित गरिदिनुभयो ।"

http://sunnah.global/hadeeth/ne/show/65012